# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४ | काठमाडौं | शनिबार, ०३ जेठ २०८२ | Prabhab National Daily | Saturday, May 17, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मानव बेचबिखनजन्य कार्यहरू**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राप्रपा नेता मिश्र हाजिरी जमानीमा हिरासतमुक्त

■ प्रभाव संवाददाता



**काठमाडौं–** तीनकुने घटनापछि पक्राउ परेर हिरासतमा पुगेका राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र रिहा भएका छन् । सर्वोच्च अदालतले हाजिरी जमानीमा छाड्न आदेश दिएपछि पक्राउ परेको ५०औं दिन शुक्रबार उनी हिरासतमुक्त भएका हुन् ।

'निजलाई हिरासतमै राख्नुपर्नेसम्मको अवस्था नदेखिँदा पछि मुद्दा चल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजी गरेका बखत उपस्थित गराउने गरी कानुन व्यवसायीको जिम्मा लगाई तत्काल थुनाबाट मुक्त गरी दिनू,' सर्वोच्चको आदेशमा भनिएको छ ।

मिश्र १५ चैतमा राजावादी आन्दोलनका क्रममा भएको हिंसात्मक घटनापछि त्यही राति पक्राउ परेका थिए । राजसंस्था पुनर्स्थापनाको मागसहित भएको उक्त आन्दोलन हिंसात्मक बन्दा दुई जनाको ज्यानसमेत गएको थियो । त्यस क्रममा सरकार र निजी भवन तथा सवारीसाधनमा आगजनी र तोडफोड गरिएको थियो । उक्त घटनामा मिश्रसहितलाई दोषी देखाउँदै पक्राउ गरिएको थियो । राजसंस्था पुनर्स्थापनाका लागि गठित नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिको सदस्यसचिवसमेत रहेका उनीविरुद्ध राज्यविरुद्धको कसूर, संगठित अपराध र आपराधिक उपद्रवको आरोपमा प्रहरीले अनुसन्धान गरिरहेका छ ।

हिरासतबाट मुक्त हुने बेला मिश्रले आफूमाथि लगाइएको आरोप अस्वीकार गरे । 'म राजनीतिक मान्छे हुँ, मैले राजनीतिक रूपमा राजसंस्था पुनर्स्थापनाका लागि काम गरेको हो,' उनले भने, 'तर, राज्यविरुद्धको कसूर, संगठित अपराध र आपराधिक उपद्रवमबाट भएको छैन ।'

मिश्रले आफ्नो तर्फबाट श्रीमती सारिका कार्कीमार्फत सर्वोच्चमा बन्दी प्रत्यक्षीकरण मुद्दा दायर गर्न लगाएका थिए । शुक्रबार न्यायाधीशद्वय कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजालसमा बन्दी प्रत्यक्षीकरण मुद्दामा सुनुवाइ भएको थियो । सुनुवाइको क्रममा मिश्र स्वयं इजलासमा सहभागी थिए । उनले बहस सकिएपछि न्यायाधीशद्वयसमक्ष भने- देशमा राज्यको अधिकार हुने म नागरिकको अधिकार नहुने भएपछि मैले अन्तिम घडीमा भए पनि बन्द प्रत्यक्षीकरणमा जान्छु, अब म एक घण्टा पनि गैरकानुनी ढंगबाट हिरासतमा बस्न चाहन्नँ भनेर सर्वोच्चको ढोका ढकढक्याउने आइपुगेको हुँ ।'

- सर्वोच्च अदालतले हाजिरी जमानीमा छाड्न आदेश दिएपछि पक्राउ परेको ५०औं दिनमा हिरासतमुक्त
- राज्यविरूद्धको कसूर, संगठित अपराध र आपराधिक उपद्रवको आरोप अस्वीकार

# छ वर्षपछि सगरमाथा संवाद

## परेन सरकार प्रमुखहरूको प्राथमिकतामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** बहुप्रतिक्षिति सगरमाथा संवाद कार्यक्रम शुक्रबारबाट काठमाडौंमा सुरू भएको छ । छ वर्षअघि २०७६ चैतमा गर्ने तयारी गरिएको यो संवाद कोभिड-१९ को महामारीका कारण स्थगित भएको थियो ।

जलवायु परितर्वनको मुद्दालाई जोडतोडका साथ उठाएर आयोजना गरिएको कार्यक्रममा आमन्त्रिण राष्ट्रका प्रमुखहरू भने काठमाडौं आएनन् । 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' नारा दिइएको यो संवाद कार्यक्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेर्रेसदेखि कयौं राष्ट्रका प्रधानमन्त्रीहरूलाई समेत निम्तो गरिएको थियो ।

कार्यक्रममा आफू आउन नपाएको भन्दै गुटेर्रेसले भिडियो सन्देशमार्फत शुभकामना सन्देश पठाए । प्रधानमन्त्री केपी शर्मा ओलीलाई सम्बोधन गर्दै महासचिव गुटेर्रेसले आफूले यसअघि गरेको नेपाल भ्रमणको सम्झना गरे । 'तापमान वृद्धिका कारण हिमालको हिउँ पहिलेभन्दा ६५ प्रतिशतको रफ्तारमा पग्लिरहेको छ । यसमा नेपालजस्ता मुलुकको कुनै दोष छैन,' गुटेर्रेसले भनेका छन् । सगरमाथा संवादबाट यस्ता खाले विषयको सम्बोधन गर्ने कमजोर देश जसको जलवायु परिवर्तनमा कुनै दोष छैन उनीहरूले न्याय पाउनुपर्ने बताए ।

संवादको पहिलो संस्करणमा भाग लिनका लागि ३७ देशका करिब १६० जना विदेशी पाहुना आइपुग्दा सरकार प्रमुख कोही पनि परेनन् । हरेक दुई वर्षमा एकपटक हुने सगरमाथा संवाद संस्करणले गल्ती नै नगरे पनि नेपालले जलवायु परिवर्तनबाट कसरी दु:ख सास्ती व्यहोरिरहेको छ अनि हाम्रा हिमालहरूको अवस्था के छ भन्नेबारे विश्वलाई जानकारी गराउने विश्वास सरकारको छ । यद्यपि सरकार प्रमुखहरूको सहभागिता नहुँदा कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठेको छ ।

कार्यक्रममा सार्क, बिम्स्टेक, विश्व बैंक, एसियाली विकास बैंकलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी संगठन एवं संस्थाहरू पनि सहभागी हुने बताइएको छ ।




- संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेर्रेसदेखि कयौं राष्ट्रका प्रधानमन्त्रीलाई निम्तो गरिएकोमा मन्त्री र मन्त्रालयका कर्मचारीमात्र उपस्थित
- ३७ देशका करिब १६० जना विदेशी पाहुना सहभागी
- सबैभन्दा बढी प्रदूषण गर्ने राष्ट्रहरूले नै सबैभन्दा बढी योगदान दिनुपर्ने प्रधानमन्त्री ओलीको भनाइ
- संवादको पूर्णसत्रमा सहभागीहरूले जलवायुजन्य संकट सामनाका लागि सबैको सहकार्य र अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धतामा दिए जोड

हिमाल जोगाउनु भनेको पृथ्वी जोगाउनु हो । हिमाल जोगाउनु भनेको महासागरहरु जोगाउनु हो । हिमाल जोगाउनु भनेको स्वयं मानवता जोगाउनु हो । यो संवाद केवल संवादमात्र हुन नजाओस्, एक संकल्प होस् । सुनिने एउटा संकल्प, कार्यमा उत्रने र हातेमालो गर्दै-भद्र, बौद्धिक र करूणामय संसारतर्फ अघि बढ्ने संकल्प ।

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री

तापमान वृद्धिका कारण हिमालको हिउँ पहिलेभन्दा ६५ प्रतिशतको रफ्तारमा पग्लिरहेको छ । यसमा नेपालजस्ता मुलुकको कुनै दोष छैन ।

■ **एन्टिनियो गुर्टेर्रेस**
महासचिव, संयुक्त राष्ट्रसंघ

जलवायु परिवर्तन राष्ट्रिय सीमाहरु पार गर्ने विश्वव्यापी संकट हो । जलवायु परिवर्तनले आफ्नो मार्गमा ल्याउने अस्तित्वजन्य संकटमा न्याय र ऐक्यबद्धतामा आधारित विश्वव्यापी गठबन्धनभन्दा कमले कुनै प्रभाव पार्ने आशा गर्न सकिँदैन ।

■ **डा. आरजु राणा देउवा**
परराष्ट्रमन्त्री

हाम्रो आँखै अगाडि हिमाली परिदृश्य रुपान्तरण हुँदै छ । हिमनदीहरु घट्दै छन् । परिस्थितिकीय प्रणाली बदलिँदै छ । परम्परागत जीवनशैलीहरु उल्टिँदै छन् । यो स्थानीय नभई विश्वव्यापी संकट हो ।

■ **ऐनबहादुर शाही**
वन तथा वातावरणमन्त्री

### 'बढी प्रदूषण गर्नेले नै बढी योगदान'

कार्यक्रम उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तन विश्वकै एउटा विपद् भएको उल्लेख गरे । उनले यसमा जसले बढी प्रदूषण गर्छ उसैले बढी योगदान दिनुपर्ने धारणा राखे ।

क्रमशः पृष्ठ २ मा

### साझा धारणा बनाउने लक्ष्य

हरेक दुई वर्षमा आयोजना गरिने भनिएको यो संवादलाई एउटा अन्तर्राष्ट्रिय फोरमका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको छ । नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल समसामयिक विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध एजेण्डामा छलफल गरी समाधानका लागि साझा धारणा बनाइ कार्यान्वयन गर्ने संवादको प्रमुख लक्ष्य रहेको बताए । संवादका लागि सरकारले छिमेकीसहित विभिन्न मुलुकका राष्ट्र प्रमुख, सरकार प्रमुख, राजदूत तथा विषयगत विज्ञलाई निम्तो दिएको थियो । सम्मेलनमा भारत, चीन र बंगलादेशका मन्त्रीस्तरका प्रतिनिधिका साथै कोप-२९ को अध्यक्ष मुलुक अजरबैजानका राष्ट्रपतिका प्रतिनिधिलगायत १७५ विदेशी अतिथि र त्यत्तिकै संख्यामा स्वदेशी प्रतिनिधि सहभागी छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# विभागका नयाँ महानिर्देशकले थाले सुधारको काम

## नयाँ डिजी आएको अनुभूति छिट्टै गराउने छु : महानिर्देशक भट्टराई




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने कार्य सुरु गरेको जानकारी दिएको छ । हालै विभागको नेतृत्व सम्हालेका महानिर्देशक कमलप्रसाद भट्टराईले शुक्रबार पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएका हुन् ।

उक्त कार्यका लागि गएको वैशाख २८ गते पाँच वटा समिति गठन गरी कार्य प्रारम्भ गरेको उनले बताए । महानिर्देशक भट्टराईले विभागबाट प्रवाह हुने सेवामा सुशासन कायम गर्न प्रवृत्तिगत र प्रविधिगत सुधार गर्ने योजना अघि सारेका छन् ।

'पहिले फाइल पल्टाउनुपर्ने अवस्थाबाट अहिले डिजिटल भएको छ । यसले सेवाग्राहीलाई सहजता बनाएको छ,' उनले भने, 'यसलाई अझ प्रभावकारी बनाउन काम सुरु भइसकेको छ । छिट्टै नै नयाँ डिजी आएको अनुभूति गराउने छु ।'

विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) अद्यावधिक गरी प्रणालीको 'सोर्स की' नेपाल सरकारको मातहतमा ल्याउने बताएको छ । साथै, उक्त प्रणालीलाई जिआइडिसी, पासपोर्ट विभाग, राष्ट्रिय परिचय पत्रसँग आबद्धता कायम गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

विभागको आगामी कार्ययोजनामा उपत्यकाका इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी) हरूको अनुगमनलाई प्रभावकारी बनाउने, उपत्यकाबाहिर रहेका संस्था तथा शाखाहरूमा आकस्मिक अनुगमन गर्ने, विभागको निर्देशनविपरीत भएमा कारबाहीको दायरामा ल्याउने उल्लेख गरिएको छ । यसैगरी शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी, ट्राभल एजेन्सीलगायतले वैदेशिक रोजगारसम्बन्धी गतिविधि गरेको उजुरी परेमा तत्काल अनुगमन गरी कारबाहीको दायरामा ल्याइने जनाएको छ । त्यस्ता कार्य कानुनविपरीत मानव बेचविखनसँग सम्बन्धित निकायमा कारबाहीका लागि पठाउने गरिएको विभागको भनाइ छ ।

'वैदेशिक रोजगारसँग सम्बन्धित संस्थागत उजुरी फर्स्योट, राहत तथा उद्धार र क्षतिपूर्ति समयानुकूल छुट्टै निर्देशिका/कार्यविधि बनाई लागू गरिने छ,' विभागले प्रस्तुत गरेको कार्ययोजनामा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## साउदीमा कामविहीन भएका कामदारलाई स्वदेश फर्काउन दूतावासको पहल

**काठमाडौं (प्रस)–** साउदी अरेबियास्थित नेपाली राजदूतावासले त्यहाँको जुबेलस्थित सेन्दान इन्टरेनसनल कम्पनीमा कामविहीन भएका नेपाली कामदारलाई स्वदेश फर्काउनका लागि आवश्यक पहल थालेको छ ।

रोजगारदाता कम्पनी टाट पल्टिने अवस्थामा पुगी कामविहीन भएका ४६९ नेपाली नागरिकमध्ये केहीले तलबभत्ता उपलब्ध गराउन र नेपाल फिर्ता तथा अन्य कम्पनीमा स्थानान्तरणका लागि पहल गरिदिन अनुरोध गरेका थिए । कामदारको अनुरोधपछि दूतावासले समस्या समाधानका लागि निरन्तर कूटनीतिक पहल गरिरहेको जनाएको छ ।

नेपाल फर्कन चाहनेको हकमा बहिर्गमन भिसाका लागि साउदी सरकारको सम्बन्धित श्रम कार्यालयलाई आवश्यक कागजातसमेत पठाइसकिएको नेपाली दूतावासले जनाएको छ । साउदी अरबबाट नेपाल जान इच्छुक नेपाली श्रमिकलाई र विशेषगरी सेन्दान इन्टरनेसनल कम्पनीमा कार्यरतलाई यथाशक्य बहिर्गमन भिसा जारी गरिदिन अनुरोध गर्दै आवश्यक पहल गरिसकिएको दूतावासले बिहीबार विज्ञप्तिमार्फत जनाएको छ ।

नेपाल फर्कन चाहनेको हकमा बाँकी सेवा सुविधा प्राप्त गर्ने कानुनी आधार पूरा गरी फर्काउने तथा साउदी अरबका अन्य कम्पनीमा स्थानान्तरण भई रोजगार गर्न चाहनेका लागि आवश्यक प्रक्रियालाई सहजीकरण गर्न साउदी सरकारको श्रम मन्त्रालय र सम्बन्धित अन्य निकायहरूमा भएका वार्ता तथा छलफल सकारात्मक रूपमा अगाडि बढेको दूतावासको भनाइ छ । समस्यामा परेका नेपाली नागरिकलाई धैर्यताका साथ रहन तथा खाना, आवास र स्वास्थ्यसम्बन्धी समस्या परेमा दूतावासमा सम्पर्क गर्न आग्रह गरिएको छ ।




## पृष्ठ १ बाट क्रमशः

# छ वर्षपछि...

'जलवायु न्यायले हाम्रो मार्गदर्शन गर्नुपर्छ । जसले सबैभन्दा बढी प्रदूषण गर्छन् उनीहरूले नै सबैभन्दा बढी योगदान दिनुपर्छ,' ओलीले भने, 'उनीहरूले संवेदनशील राष्ट्रहरूलाई सहयोग गर्नुपर्छ, वित्तमार्फत, प्रविधिमार्फत, क्षमता अभिवृद्धिमार्फत ।'

ओलीले यही यथार्थभित्र इमानदार संवाद र आपसी ज्ञान साटासाट गर्न तथा सामूहिक कदम चाल्न विश्वको सर्वोच्च शिखर सगरमाथाको नामबाट संवादको जन्म भएको उल्लेख गरे । 'आशा गर्छौं, यो संवाद त्यत्तिकै उच्च बनोस् । उच्च नैतिक स्पष्टता, दृढ बौद्धिक साहस र सुन्दर भविष्य निर्माणका लागि अटल साझा दृष्टिकोणमा उच्च बनोस्,' प्रधानमन्त्री ओलीले भने ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हिमालहरू पानीको ताजा स्रोत भएको बताइन् । हिमालयले आज जलवायु प्रेरित अवरोधको सबैभन्दा ठूलो भार बोकिरहेको उल्लेख गर्दै देउवाले हिमनदी जलवायुको असरका कारण पग्लिने क्रम तीव्र रूपमा बढेको उल्लेख गरिन् । 'जलवायु प्रेरित प्रकोपहरूले मानव अस्तित्व र जीविकोपार्जनको जगलाई नै हल्लाइरहेको छ,' मन्त्री देउवाले भनिन्, 'जलवायु परिवर्तनका कारण बाढी र हिमताल विष्फोटले ठूलो विनास भएको छ । खडेरी डढेलोले मानवलाई अथाह पीडा दिएको छ ।'

नेपालले सन् २०४५ सम्ममा शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्धता जनाएको छ । जलविद्युत्, ऊर्जाको स्वच्छ रूप, नेपालको बिजुलीको सबैभन्दा ठूलो स्रोत बनेको छ । नेपालद्वारा अग्रणी प्राकृतिक स्रोत व्यवस्थापन कार्यक्रम, सामुदायिक वनले नेपाललाई आफ्नो वन क्षेत्रलाई उल्लेखनीयरूपमा बढाउन मात्र मद्दत गरेको छैन, तर विश्वभरि सहभागी संरक्षणको मोडेलको रूपमा पनि देखापरेको मन्त्री मन्त्री देउवाले बताइन् । उनले यो संवादले जलवायु परिवर्तनको खतरा र मानव जातिको भविष्यको अस्तित्वजन्य खतराको सामना गर्न नयाँ विचारहरूलाई उत्प्रेरित गर्न, सहयोगलाई बढावा दिन र ठूलो राजनीतिक इच्छाशक्तिलाई परिचालन गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरिन् ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुका कारण हिमाली परिदृश्य रूपान्तरण हुन लागेको उल्लेख गर्दै हिमनदीहरू पग्लिँदै गएको, पारिस्थितिकीय प्रणाली बदलिँदै गएको र परम्परागत जीवनशैलीहरू उल्टिँदै गएकाले सामाधानका लागि सामूहिक प्रतिबद्धतामा जोड दिए ।

यस्तै, कोप २९ का अध्यक्षता तथा जलवायु मुद्दाहरूमा अजरबैजान गणतन्त्रका राष्ट्रपतिका प्रतिनिधि मुख्तार बाबायेभले जलवायु परिवर्तनका धेरै आयामहरू र पहाडहरूमा पर्ने प्रभावलाई सम्बोधन गर्न आवश्यक विकल्प र समाधानबारे प्रकाश पारेका थिए । भारत सरकारका वातावरण, वन र जलवायु परिवर्तनमन्त्री भुपेन्द्र यादवले सत्रलाई सम्बोधन गर्दै पहाड र त्यसभन्दा बाहिर जलवायु परिवर्तनका धेरै प्रभावबारे प्रकाश पारे । जनवादी गणतन्त्र चीनको स्थायी समितिका उपाध्यक्ष जिओ जीले सत्रलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका गम्भीर प्रभावबारे जोड दिएका थिए ।

■■■

# साझा धारणा...

संवादमा, प्लेनरी, समानान्तर सत्र, गोलमेच र विभिन्न विषयमा साइड इभेन्ट भइरहेका छन् ।

मुख्यसचिव अर्यालले नेपालजस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय मुलुकहरूबीच साझा बुझाइ बनाउने र आउँदा दिनमा अन्तर ाष्ट्रिय समुदायको बीचमा पैरवी गर्नका लागि पहल गर्ने संवादको उद्देश्य हो । यस्तै जलवायु न्यायको लागि नेपालको आवाज अझ सशक्त बनाउने र थप जलवायु वित्त, प्रविधिमाथिको पहुँच र क्षमता विकासका लागि अवसरको खोजी गर्ने तथा जलवायु परिवर्तन विश्वव्यापी समस्या भएको, यस मुद्दामा धनी राष्ट्रको बढी भूमिका भएको र निम्न आय भएका राष्ट्र बढी जोखिममा रहेको हुँदा साझा समस्या समाधानका लागि साझा प्रयास गर्न बहुआयामिक प्रयासमा नेपालले नेतृत्व लिने संवादको लक्ष्य रहेको उनको भनाइ छ ।

संवादमा सरोकारवाला विज्ञहरूले अन्तर्राष्ट्रिय जलवायु संकट समाधानमा सामूहिक प्रतिबद्धतामा जोड दिएका छन् । संवादको पूर्णसत्रमा बोल्दै सहभागीहरूले जलवायुजन्य संकट सामनाका लागि सबैको सहकार्य र अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता जरुरी रहेकामा जोड दिएका हुन् ।

■■■

# विभागका नयाँ...

'उजुरी सम्बन्धमा लिखित जवाफसहित उपस्थित भएका रोजगार व्यवसायी र पीडितको बीचमा छलफलका लागि प्राथमिकता निर्धारणको आधारमा समय तय गरी छलफल गराइने छ,' कार्ययोजनामा उल्लेख छ । यस्तो छलफलबारे जानकारी मोबाइलमा एसएमएसमार्फत जानकारी गराइने विभागको भनाइ छ ।

यसैगरी विभागका सेवाहरूको जानकारी सामाजिक सञ्जाल तथा वेबसाइटमार्फत आमनागरिकलाई प्रदान गर्ने पनि विभागले जनाएको छ । साइबर सुरक्षा नीति, एआई नीति प्रणालीमा आन्तरिकीकरण गर्न तत्काल कार्ययोजना बनाई लागू गर्ने, मुद्दा शाखाको अभिलेख प्रणालीलाई डिजिटलाइज्ड गरी फेमिस प्रणालीसँग आबद्ध गरिनेलगायत योजना विभागको छ ।

साथै, श्रम स्वीकृतिसम्बन्धी सेवा छिटो, छरितो, सरल, सहज र पारदर्शी बनाउँदै सेवा प्रवाह गर्ने विभागको कार्ययोजनामा उल्लेख छ । पत्रकार सम्मेलनमा विभागले चालु आर्थिक वर्षमा गरेका कार्यहरूको विवरणसमेत सार्वजनिक गरिएको थियो ।

# मुस्ताङको ठिनी खोलामा मोटरेबल पुल बन्दै

**मुस्ताङ–** जिल्लाको घरपझोङ गाउँपालिका थाकका पाँच गाउँ जोड्ने रिङरोडको ठिनी खोलामा धमाधम मोटरेबल पुल निर्माण भइरहेको छ ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले चार करोड ४६ लाख रूपैयाँमा बहुवर्षीय ठेक्का लगाएर निर्माण प्रारम्भ गरेको हो । उक्त कार्यालयका सूचना अधिकारी घनश्याम मगरका अनुसार २०८३ साउन अन्त्यसम्ममा निर्माण सम्पन्न गर्नुपर्ने छ ।

पुल ३५ मिटर लामो र दुवैतर्फ २.४ मिटर पैदलमार्गसहित ८.४ मिटर चौडा हुने छ । हालसम्म भौतिक ४५ र वित्तीय प्रगति ३७ प्रतिशत भएको छ ।

यसैबीच, प्रदेश सरकारले घरपझोङ गाउँपालिकाको थाक पाँच गाउँअन्तर्गत जोमसोम, ठिनी, ढुम्बा, स्याङ, छैरो-चिमाङ र मार्फा जोड्ने १० दशमलव पाँच किलोमिटर सडक स्तरोन्नति गरिरहेको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/०३**

**प्रिमियर ईन्टरनेशनल स्कुल काठमाडौं** को मिति २०८२/०१/१२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिजालिम स्कुल काठमाडौं (दर्ता नं.: १३०६९३)** कायम गर्ने गरी मिति २०८२/०१/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/११/२१ मा दर्ता भएको **प्रा.लि.नं. १९६५५४** को **एज फेशन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०३**

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्फोसिस् म्यानेजमेन्ट सर्भिस प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि**.(प्रा.लि.नं.२५९५४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## युएइमा रोजगार

कम्पनी : NARESCO CONTRACTING OWNED BY ABDULLA ABDULKARIM ALARIF ONE PERSON COMPANY L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/०२ LT. No. 313564 चलानी नं. ६०२२७९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 48 | 0 | 1200 | ४४,६९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 38 | 0 | 1000 | ३७,२४४ | | | | | | | |
| 3 | Mason | 43 | 0 | 1200 | ४४,६९३ | | | | | | | |
| 4 | Steel Fixer | 47 | 0 | 1200 | ४४,६९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## कुवेतमा रोजगार

कम्पनी : China State Construction Engineering Corporation Kuwait

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ LT. No. 323946 चलानी नं. ६०२३७९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 185 | 0 | 100 | ४४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe-Laying Worker - General | 25 | 0 | 130 | ५६,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/११/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 318837 चलानी नं. ६०२३३०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Building Constructions Work | 3 | 0 | 184000 | १६६,५५५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/११/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 318838 चलानी नं. ६०२३३०६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road rolling work | 3 | 0 | 240530 | २१७,७२५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu, Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदी/कतारमा रोजगार

कम्पनी : Upcoming Engineering Contracting Company — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०२ LT. No. 305634 चलानी नं.६०२२०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker | 1 | 0 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FACILITY SOLUTIONS — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 323784 चलानी नं.६०२३७९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1000 | ३७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 2 | 0 | 1000 | ३७,५७० | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३७,५७० | | | | | | | |
| 4 | Manager-parts | 1 | 0 | 9500 | ३५६,९२५ | | | | | | | |
| 5 | Plaster Work | 1 | 0 | 1000 | ३७,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu, Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदीमा रोजगार

कम्पनी : BAWADER AL-THIQA GENERAL CONTRACTING ESTABLISHMENT.

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 323904 चलानी नं. ६०२३७८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constructing Labor | 4 | 22 | 1000 | ३६,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DRILLING WORKER | 3 | 2 | 1000 | ३६,४७२ | | | | | | | |
| 3 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,६४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068
DECENT EMPLOYMENT PVT. LTD.
KMC-26, Samakhushi, Kathmandu, Nepal, Ph. No: +977-015903104, E-mail : infodecent068@gmail.com, Website : www.decentemployment.com.np



## कुवेतमा रोजगार

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY.

पूर्व स्वीकृति मिति : २०८०/०३/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०२ LT. No. 288941 चलानी नं. ६०२०४३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 5 | 0 | 140 | ६२,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : SAMI RASHID TECHNICAL SERVICES CO. L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ LT. No. 323872 चलानी नं. ६०२३७९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 800 | २९,७९५ | | | | | | | |
| 3 | Mason | 4 | 0 | 1200 | ४४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1590/079/80
Fix Job Overseas Pvt. Ltd.
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, ०३ जेठ, २०८२**

| | |
|---|---|
| **मेष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **वृष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मिथुन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **कन्या** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **धनु** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | रोकिएका काम सम्पादन हुनेछ । |
| **मीन** | सुखद समाचारले उत्साह जगाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ जेठ, २०८२ (१७, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.५९ | १३७.१९ |
| युरो | १ को | १५२.९१ | १५३.५८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.४६ | १८२.२६ |
| स्विस फ्रैन्क | १ को | १६२.९३ | १६३.६४ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५१ | ८७.९० |
| क्यानाडियन डलर | १ को | ९७.६६ | ९८.०९ |
| सिङ्गापुर डलर | १ को | १०५.१८ | १०५.६४ |
| जापानी येन | १० को | ९.३६ | ९.४० |
| चिनियाँ युआन | १ को | १८.९४ | १९.०३ |
| साउदी अरब रियाल | १ को | ३६.४२ | ३६.५८ |
| कतारी रियाल | १ को | ३७.४८ | ३७.६४ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१९ | ३७.३५ |
| मलेसियन रिङेट | १ को | ३१.८९ | ३२.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.७७ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १४.०३ | १४.०९ |
| डेनिस क्रोनर | १ को | २०.५० | २०.५९ |
| हङकङ डलर | १ को | १७.४९ | १७.५७ |
| कुवेती दिनार | १ को | ४४४.२७ | ४४६.२२ |
| बहराइन दिनार | १ को | ३६२.३३ | ३६३.९२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

सगरमाथा संवाद

# जलवायु संकट समाधानका लागि सामूहिक प्रतिबद्धतामा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारदेखि सुरु भएको बहुप्रतिक्षित सगरमाथा संवादमा सरोकारवाला विज्ञहरूले अन्तर्राष्ट्रिय जलवायु संकट समाधानमा सामूहिक प्रतिबद्धतामा जोड दिएका छन् । संवादको पूर्णसत्रमा बोल्दै उनीहरूले जलवायुजन्य संकट सामनाका लागि सबैको सहकार्य र अन्तर्राष्ट्रिय जलवायु प्रतिबद्धता जरुरी रहेकामा जोड दिएका हुन् ।

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुका कारण हिमाली परिदृश्य रूपान्तरण हुन लागेको उल्लेख गर्दै हिमनदीहरू पग्लिँदै गएको, परिस्थितिकीय प्रणाली बदलिँदै गएको र परम्परागत जीवनशैलीहरू उल्टिँदै गएकाले सामाधानका लागि सामूहिक प्रतिबद्धतामा जोड दिए ।

नेपालका लागि इजिप्टका राजदूत नोहा हम्दी अहमद इल्गेबालीले जलवायु अनुकूलनका लागि स्थानीय जलवायु वित्त, जलको पुनःभरण र जैविक विविधताको संरक्षण, जलवायु कृषि अनुकूलनजस्ता जलवायु अनुकूलन राष्ट्रिय रणनीतिमा समावेश गर्न आवश्यक रहेको बताए ।

'सन् २०२२ मा कोप-२७ आयोजना गर्ने गौरव इजिप्टलाई प्राप्त भयो । कोप-२७ मा विश्वव्यापी जलवायु प्रक्रिया इतिहासमा एक महत्वपूर्ण उपलब्धि थियो । यसले विश्व दक्षिणका आवाजलाई अगाडि ल्यायो र अनुकूलन तथा जलवायु न्यायलाई कार्यसूचीको केन्द्रमा राख्यो,' उनले भने, 'जलवायु हानि नोक्सानी कोष पनि कोप २७ मा नै स्थापना हुने निर्णय भएको थियो ।'

कार्यक्रममा बंगलादेशको समाज कल्याण मन्त्रालय तथा महिला तथा बालबालिका मामिला मन्त्रालयका, सल्लाहकार, शर्मिन सोनिया मुर्शिद, भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री, जेम छेरिङ, संयुक्त अधिराज्य संसदीय उपसचिव (लड्र्स मन्त्री) बारोनेस सुसान हाइम्यान, संयुक्त अरब इमिरेट्सको ऊर्जा तथा दिगो विकास मामिलाका लागि सहायक परराष्ट्रमन्त्री, अब्दुल्ला बालालाले धारणा राखेका थिए ।

त्यसैगरी, जापानका परराष्ट्र मामिलाका लागि संसदीय उपमन्त्री इकुइना आकिको, भारतका अतिरिक्त सचिव (सहायकमन्त्री) अमनदीप गर्ग, जलवायु परिवर्तन मामिलाका लागि विशेष दूत तथा उपमन्त्री, परराष्ट्र मन्त्रालय, कतारका बदर ओमर अल दफाले धारणा व्यक्त गरे । पाँच वर्षे कार्ययोजनाको कार्यान्वयनका लागि राष्ट्रपति विशेष प्रतिनिधि, किर्गिस्तान गणराज्यको दिनारा केमेलोभा, ब्राजिलबाट नेपालका लागि राजदूत कार्लोस अल्बेर्टो मिकाएलसेन डेन हार्टोग, ओमानका राजदूत इस्सा बिन सालेह अल शिवानी, नेपालका लागि पाकिस्तानका राजदूत अबरार एच हश्मीले पूर्णसत्रलाई सम्बोधन गरेका थिए ।

त्यस्तै, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरूमध्ये संयुक्त राष्ट्रसंघका सहायक महासचिव तथा एसक्यापकी कार्यकारी सचिव आर्मिदा साल्सियाह अलिस्जाहबाना, विश्व बैंकका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन राइजर, एसियाली विकास बैंक उपाध्यक्ष, फातिमा यास्मिन, सार्क महासचिव राजदूत मोहम्मद गोलाम सरवारले सत्रमा भाग लिएका थिए । बिम्स्टेक महासचिव इन्द्रमणि पाण्डे, आइसिमोडका महानिर्देशक पेमा ग्यात्सोले पनि मन्तव्य राखेका थिए ।

पूर्णसत्रमा अन्तर्राष्ट्रिय सम्मेलनको प्रारूपमा आयोजना गरिएको र यस संवादको थिममा केन्द्रित रही आफ्ना धारणा वा विचारहरू व्यक्त गरेका थिए । संवादमा सहभागी हुने सबै राष्ट्र र अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संगठनलाई यस सत्रमा बोल्ने अवसर प्रदान गरिएको थियो । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सत्रको अध्यक्षता गरेकी थिइन् ।

## कुलेखानी–कलंकी–हुमाने सडक १९ दिनका लागि बन्द

**काठमाडौं (प्रस)–** काठमाडौं-हेटौंडा चल्ने सडकमध्ये कुलेखानी-कलंकी-हुमाने सडक शुक्रबारदेखि १९ दिनका लागि बन्द भएको छ । प्रहरी प्रधान कार्यालयले शुक्रबार उक्त जानकारी दिँदै वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले स्थानीय प्रशासन कार्यालयबीचको समन्वयमा सडक शुक्रबारदेखि बन्द भएको जानकारी प्राप्त भएकाले सर्वसाधारण नागरिकलाई अप्ठ्यारो नहोस् भनेर उक्त जानकारी गराइएको बताए ।

मकवानपुर, इन्द्रसरोवर गाउँपालिकास्थित कुलेखानी-कलंकी-हुमाने सडकखण्ड कालोपत्र गर्ने प्रयोजनार्थ यही जेठ २ देखि २० गतेसम्म (१९ दिन) सवारी आवागमन पूर्णरूपमा बन्द हुने उनले बताए ।

## सुरक्षाकर्मीलाई तनाव व्यवस्थापन तालिम

**पर्सा (प्रस)–** प्रहरी जवान तथा अधिकृतलाई लक्षित गरेर पर्सामा तनाव व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय बिर्ताको संयुक्त आयोजनामा बिहीबार यहाँ तनाव व्यवस्थापन तालिम आयोजना गरिएको हो ।

उक्त अवसरमा वडा प्रहरी कार्यालय बिर्तामा कार्यरत प्रहरी निरीक्षक निरोज चौलागाईंले सुरक्षा निकायमा कार्यरत रहने प्रहरीहरूको व्यस्त कार्यशैली र दौडधुप धेरै हुने भएकाले पनि तनाव व्यवस्थापन कम गर्न तालिम गरिएको बताए ।

'प्रहरीको जागिरको सिलसिलामा बिहान उठ्नेबित्तिकै राति नसुतिञ्जेलसम्म विभिन्न प्रकारका तनावको सामना गर्नुपर्ने भएकाले पनि तनाव व्यवस्थापनको विषय निकै अपरिहार्यजस्तै भइसकेको छ,' उनले भने, 'एउटा प्रहरीले राष्ट्रको सेवा, घरपरिवार र सेवाग्राहीलाई उच्च आचरणयुक्त व्यवहार गर्नुपर्ने भएकाले पनि तनाव व्यवस्थापन महत्त्वपूर्ण पक्ष हो । त्यसैले हामीले यस्ता रचनात्मक खालका कार्यक्रम गर्दै आइरहेका छौं ।'

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले प्रहरीले उच्च मनोबलसहित काम गर्नुपर्ने भएकाले पनि बेलाबखतमा 'रिफ्रेस' गराउनका लागि पनि तनाव व्यवस्थापनको तालिम आवश्यकता पर्ने बताए । 'प्रहरी सेवामा कार्यरत रहँदा सधैं सजक र सर्तक भएर द्रुत गतिमा कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारी रहन्छ । त्यो बेला प्रहरीमा तनाव उत्पन्न हुनु स्वाभाविक नै हो,' उनले भने,' प्रहरीमा उत्पन्न भएको तनाव व्यवस्थापनको विषय पनि प्रथामिकता राख्दै काम गर्नुपर्ने बेला भइसकेको छ ।'

## आगलागी पीडितलाई सहयोग

**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिकाले 'आरआर कम्प्लेक्स' का आगलागी पीडितलाई २५ हजार रूपैयाँ सहयोग गर्ने भएको छ । चन्द्रागिरि-११ सतुंगलस्थित 'आरआर कम्प्लेक्स' मा सञ्चालित 'बुटिक' को सटरमा बिहीबार बिहान अकस्मात आगलागी हुँदा छ करोड ८१ लाख रूपैयाँ बराबार क्षति भएको थियो ।

नगर कार्यपालिकाको आकस्मिक बैठकले आगलागीपीडित व्यवसायी र घरधनीलाई तत्काल २५ हजार रूपैयाँ सहयोग गर्ने निर्णय गरेको नगरप्रमुख घनश्याम गिरीले जानकारी दिए । उनले भने, 'आगलागीबाट भएको क्षतिको आकलन सम्बन्धित पक्षबाट संकलन गर्ने काम जारी छ, यो कार्य सकिएपछि अन्य के- कति सहयोग गर्न सकिन्छ छलफल गर्ने छौं ।'

कोरलानाकामा व्यापार गर्दै आएका जिग्मे आंमा गुरूङका अनुसार भवन नहुँदा व्यापारी खुला चौरमा व्यापार गर्न बाध्य छन् । 'अहिले पनि हामी खुला चौरमै व्यापार गरिरहेका छौं, पानी पर्दा र हुरी चल्दा समस्या हुन्छ,' उनले भने, 'सरकारले आवश्यक पूर्वाधार निर्माण गरिदिए व्यापार गर्न सहज हुने थियो ।' उनीजस्ता व्यापारीहरू बिहान ९:०० बजे चीनतर्फ जाने र त्यहाँबाट सामान लिएर दिउँसो २:०० बजेसम्म फर्कने गरेका छन् ।

चिनियाँ बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य वस्तु, मदिरा, फर्निचर र कपडाजन्य सामान किनेर ल्याउने गरेका छन् । नेपालतर्फबाट चामल, फापरको पिठो, चिउरा, चाउचाउ, जडीबुटी, पस्मिनालगायत सामान निकासी गर्न सकिने सम्भावना छ ।

कोरलानाका राजनीतिकरूपमा पनि महत्त्वपूर्ण छ । वि.सं. २०७२ को भूकम्पपछि तातोपानी, केरूङसँगै यो नाकाको पनि चर्चा भएको थियो । यो नाका सहजरूपमा सञ्चालनमा आउँदा यस क्षेत्रले ठूलो आर्थिक लाभ लिनसक्ने व्यापारी गुरूङको बुझाइ छ । उनका अनुसार व्यापार गर्ने र नाका पुगेकालाई सहज हुनेगरी आवश्यक पूर्वाधार नहुँदा धेरै समस्या हुने गरेको छ । उपल्लो मुस्ताङको लो-घेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका स्थानीयलाई प्रवेशपास दिने भएकाले उनीहरू सहजै चीन जान पाउँछन् भने अन्यलाई विशेष पासको व्यवस्था गरिएको छ ।

कोरलानाकामा एकीकृत भन्सार कार्यालय खोल्नका लागि सरकारले एक हजार ३४४ रोपनी जग्गा भन्सार कार्यालयको नाममा ल्याउने प्रक्रिया चार वर्षयता सुरू गरे पनि अहिलेसम्म आवश्यक संरचना निर्माण सुरू भएको छैन । यद्यपि यसका लागि सीमांकन गरी सिफारिस भने भइसकेको छ ।

कोरलानाकाबाट ल्याएको सामान जाँच गर्नका लागि १३ किलोमिटरको दूरीमा न्हेछुङ पुग्नुपर्ने बाध्यता छ । चीनले सीमा नजिकै जाँचपासको व्यवस्था गर्दा पनि नेपालले पूर्वाधार निर्माण गर्न नसकेको स्थानीय गुनासो गर्छन् ।

यो नाका तिब्बतमा रहेको हिन्दूहरूको आस्थाको केन्द्र कैलाश र मानसरोवर जानका लागि पनि उपयुक्त मानिन्छ । लोमान्थाङबाट तिब्बततर्फ ४० किलोमिटरमा ढोङवासेन पर्छ । त्यहाँबाट करिब छ सय किलोमिटर दूरी पार गरेपछि मानसरोवर पुग्न सकिन्छ । नाकाको सहज सञ्चालन हुने होभने नेपालबाट कैलाश मानसरोवर पुग्ने सबैभन्दा छोटो र सहज बाटो बन्न सक्ने स्थानीय जानकार बताउँछन् ।

पछिल्ला केही वर्षमा आन्तरिक पर्यटक कोरलानाकासम्म पुग्ने गरेका छन् । उनीहरूका लागि खानेपानी र शौचालयको पनि व्यवस्था छैन । पर्यटक त्यहाँ रहेको २४ नम्बर पिलरमा तस्बिर लिन्छन् र फर्कन्छन् । त्यहाँ पुग्नका लागि सडकको पहुँच भए पनि बस्नका लागि सुविधा नहुँदा पर्यटक केही समय घुमेर फर्कने गरेका छन् । न्हेछुङमा रहेको प्रहरीका अनुसार पर्यटक आउने समयमा दैनिक औसतमा ३०० वटा सवारीसाधन आउने गरेका छन् ।

यसअघि गत कात्तिक दोस्रो सातामा गण्डकी प्रदेशसभाअन्तर्गतको अर्थ तथा विकास समितिको टोलीले कोरलानाकाको निरीक्षण गरी कोरलामा तत्कालीन र दीर्घकालीनरूपमा गर्नुपर्ने कामबारे सरकारलाई सुझाव दिएको थियो । जसमध्ये खानेपानी र शौचालय तथा फोहोर व्यवस्थापनको काम तत्कालै गर्नुपर्ने सुझाव दिइएको थियो ।

यो नाका कोरोना महामारीको समयमा २०७६ सालमा पूर्णरूपमा बन्द भएको थियो । त्यसको चार वर्षपछि २०८० साल कात्तिक २७ गते सञ्चालनमा आएको थियो । त्यसअघिका वर्षमा नाकामा वर्षमा दुईपटक वैशाख-जेठ र दसैंका समयमा अन्तरदेशीय व्यापार मेला हुँदै आएको थियो । तर कोरोना महामारीपछि व्यापार मेला हुनसकेको छैन ।

नाका सञ्चालनको व्यावसायिक योजना बनाउन र भौतिक संरचनाको आवश्यकता भएको तत्कालीन समयमा समितिले सुझाव दिएको थियो । नाकाको प्रभावकारी सञ्चालनका विषयमा दुवै देशका अधिकारीहरूबीच पटक-पटक छलफल पनि भइसकेको छ । तत्कालीन समयमा प्रधानमन्त्री पुष्पकमल दाहाल चीन भ्रमणका क्रममा पनि कोरलानाका सञ्चालनका विषयमा चासोपूर्वक छलफल भएको थियो ।

जोमसोमदेखि कोरलानाकासम्म ११० किलोमिटर दुई लेनको कच्ची सडकको पहुँच विस्तार भएको छ । गण्डकी प्रदेश सरकारले चीनको कोरला र भारतको त्रिवेणी नाका जोड्ने सडकलाई प्रदेशको भाग्यरेखाका रूपमा प्राथमिकता दिएर स्तरोन्नति अगाडि बढाएको छ । यो सडक निर्माणपछि आर्थिक र पर्यटकीय गतिविधि बढ्ने अपेक्षा गरिएको छ । *रासस*

# क्षतिग्रस्त झोलुङ्गे पुल मर्मत नहुँदा दुर्घटनाको जोखिम

**राँझा (बाँके)**– बाँकेको राप्ती सोनारी गाउँपालिका-१ भम्कास्थित राप्ती नदीको क्षतिग्रस्त झोलुङ्गे पुल मर्मत नहुँदा दुर्घटनाको जोखिम बढेको छ । एक महिनाअघि आएको हावाहुरीले बैरिया-भम्का जोड्ने राप्ती नदीको झोलुङ्गे पुलको पश्चिमतर्फको लट्ठा चुँडिएपछि पुल क्षतिग्रस्त भई जोखिमपूर्ण अवस्थामा पुगेको राप्ती सोनारी-१ का वडाध्यक्ष यमबहादुर खड्काले बताए ।

'भम्का गाउँका करिब ३०० जनता लट्ठा चुँडिएको झोलुङ्गे पुलबाट जोखिम मोलेर आवतजावत गर्न बाध्य छन्,' वडाध्यक्ष खड्काले भने, 'पुल मर्मतका लागि गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारसम्म अनुरोध गरियो तर हालसम्म बन्ने सुरसार देखिएको छैन ।' ३०० मिटरभन्दा लामो पुल निर्माण तथा मर्मत कार्य संघीय सरकारबाट हुने भएकाले सम्बन्धित निकायमा झोलुङ्गे पुलको आवश्यक जानकारी तथा स्थलगत प्रतिवेदन बुझाउने काम भए पनि मर्मतसम्भारको काम हुन नसकेको वडाध्यक्ष खड्काको भनाइ छ ।

झोलुङ्गे पुल मर्मत नहुँदा भम्का गाउँबाट वडाको केन्द्र कुसुम बैरिया बजार किनमेलका लागि आउने सर्वसाधारण र विद्यार्थीलाई समस्या भएको स्थानीय अगुवा नरेन्द्र कार्कीले बताए । भम्का पुल मर्मतसम्भारका लागि विभागले सम्बन्धित ठाउँमा गएर अनुगमन गरी प्रतिवेदन पेस गरिसकेको बाँके क्षेत्र नं १ का संघीय सांसद सूर्य ढकालले बताए । प्रतिवेदन अर्थ मन्त्रालयमा पुगिसकेकाले अब छिट्टै बजेट निकासा हुने उनको भनाइ छ । *रासस*

# वीरगञ्जका विद्यालयमा बिहान पठनपाठन

**पर्सा (प्रस)**– अत्यधिक गर्मीका कारण वीरगञ्ज महानगर क्षेत्रका विद्यालयमा बिहान पठनपाठन प्रारम्भ भएको छ ।

वीरगञ्ज महानगरको निर्णयअनुसार बिहीबारदेखि महानगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा बिहानी सत्रमा पठनपाठन सुरु भएको हो । अर्को सूचना जारी नभएसम्म बिहान समयमा ६ बजेदेखि अध्यापन हुने छ ।

महानगरपालिकाका अनुसार वीरगञ्ज नगर क्षेत्रमा ९२ सामुदायिक र १३८ वटा निजी विद्यालय छन् भने सामुदायिक विद्यालयतर्फ २१ माध्यमिक, १५ आधार भूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय छ ।

प्रभाव दैनिक

शनिबार, ०३ जेठ, २०८२ (Saturday, May 17, 2025)

रूपशाला

## नोरा फतेहीको टोली काठमाडौंमा

चर्चित बलिउड अभिनेत्री नोरा फतेहीको २३ सदस्यीय टोली काठमाडौँ आइपुगेको छ । शुक्रबार अभिनेत्री फतेहीको टोली नेपाल आइपुगेको हो । शुक्रबार काठमाडौँ उत्रिएको टोलीमा डान्सर, म्यानेजर, ड्रेस डिजाइनर, लाइटम्यान, फोटोग्राफर लगायत छन् । अभिनेत्री नोरा फतेही भने शनिबार नेपाल आउनेछिन् भने उनले शनिबार साँझ नै बौद्धस्थित हायात मैदानमा 'नोरा फतेही लाइभ इन नेपाल' मा प्रस्तुति दिने छिन् ।



# 'के घर के डेरा घर नं २' प्रदर्शनमा




■ प्रभाव संवाददाता

**काठमाडौं –** उपन्यासकार तथा कवि 'बुद्धिसागर'को कथामा निर्माण गरिएको चलचित्र 'के घर के डेरा घर नं २' शुक्रबारदेखि देशव्यापी रूपमा प्रदर्शन भएको छ । सो चलचित्र शुक्रबार एकैपटक दुई सयभन्दा बढी 'शो संख्या'मा प्रदर्शन भएको निर्देशक दीपेन्द्रकुमार खनालले जानकारी दिए ।

चलचित्रका निर्देशक खनालका अनुसार 'कर्णाली ब्लुज', 'फिरफिरे', 'एक्लो' जस्ता चर्चित उपन्याससहित विभिन्न कवितामार्फत स्थापित बद्धिराम चपाईं अर्थात् बुद्धिसागरको कथामा आधारित भई निर्माण गरिएको सो चलचित्रमा विशेषगरी काठमाडौं उपत्यकाभित्रका घरबेटी र डेरावालको कथाव्यथालाई समेटिएको छ ।

'चलचित्रको सार्वजनिक प्रदर्शन अगाडि आयोजना गरिएको विशेष प्रदर्शनी (प्रिमियर शो) मा गैरचलचित्रकर्मी दर्शकले पनि यसलाई मन पराएका छन् । त्यसकारण म चलचित्र भवनसम्म पुग्ने दर्शकले चलचित्र मन पराउनेमा विश्वस्त छु । यो घरबेटी, डेरावालसँगै सहरमा हुनेहरूको कथा हो । यसको सुन्दर पक्ष भनेकै चलचित्रमा रहेका पात्रहरू एकआपसमा जोडिएका छन् । उनीहरूले काठमाडौं सहरमा देखिने हरेक वर्गलाई प्रतिनिधित्व गरेको छन् भन्ने लागेको छ', निर्देशक खनालले भने ।

निर्देशक खनालले यस अगाडि 'के घर के डेरा' निर्देशन गरेका थिए । उस्तै नाम भए पनि यसपटक कथा र परिवेश फरक रहेको उनले जानकारी दिए । किनकी 'के घर के डेरा' लाई 'कमेडी' शैलीमा प्रस्तुत गरिएको थियो भने यसपटक 'के घर के डेरा घर नं २' मा 'इमोसनल' शैली प्रयोग गरिएको छ । उक्त चलचित्रमा खगेन्द्र लामिछाने, केकी अधिकारी, आर्यन सिग्देल, उपासनासिंह ठकुरी, निश्चल बस्नेत, प्रकाश घिमिरेलगायत कलाकारले पनि अभिनय गरेका छन् ।

अभिनेता लामिछानेले चलचित्रको पटकथामा राम्रा पात्रहरूको उदयसँगै न्यायोचित अवतरण रहेको जानकारी दिए । आफैं लेखक भएकाले उनले लेखनका क्रममा आइपर्ने कठिनाइसँग जानकार भएर पनि पटकथा सुन्दर लागेको प्रतिक्रिया दिए ।

'पात्रलाई चलचित्रमा जसरी सुरूआत गरिन्छ, त्यसको अन्त्य धेरैलाई मन पर्ने किसिमको बनाउन निकै कठिन हुन्छ । म आफैं लेखक भएकाले यस चलचित्रमा पटकथामा आएका सम्पूर्ण पात्र अर्थपूर्ण हुनुका साथै एकआपसमा जोडिएको छ र ती यत्तिकै हराउँदैनन्', अभिनेता लामिछानेले भने ।

'पशुपति प्रसाद' जस्तो चलचित्रमा लेखकको भूमिकासँगै अभिनेतासमेत रहेका लामिछानेले 'अर्गानिक' भनेर अघोषित रूपमा बुझ्ने गरिएको ग्रामीण परिवेशसम्बन्धी बुझाइमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिए । नेपालका मौलिक विषय गाउँ मात्र नभई सहरकै पनि 'अर्गानिक' हुने उनको बुझाइ छ ।

# षट्कोण आट्र्सले घोषणा गऱ्यो 'लालीबजार'

■ प्रभाव संवाददाता


**काठमाडौं–** 'जात्रा' शृफ्लामार्फत स्थापित भएको ब्यानर षट्कोण आट्र्सले नयाँ फिल्म 'लालीबजार' घोषणा गरेको छ । 'जात्रा', 'जात्रै जात्रा', 'महापुरुष' र 'महाजात्रा' निर्माण गरेर दर्शक र प्रदर्शकको विश्वास जितिसकेको उक्त ब्यानरले पहिलोपटक बाहिरी निर्देशकसँग काम गर्न लागेको हो ।

फिल्मका लेखक तथा निर्देशक यम थापा रहेका छन् । फिल्मलाई रवीन्द्रसिंह बानियाँ र म्याक्स दीपेस खत्रीले निर्माण गर्दैछन् भने यस फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् । निर्माता बानियाँले षट्कोण आट्र्सले स्क्रीप्टकै खोजीको क्रममा निर्देशक थापासँग सहकार्यको सुरुआत भएको बताए ।

उनले भने, 'हामी अन्य लेखक तथा निर्देशकसँग सहकार्य गर्न छलफलमा थियौं । राम्रो कथा दर्शकसम्म जानबाट बञ्चित नहोस् भनेर हामीले केही लेखक तथा निर्देशकसँग सहकार्यका लागि छलफल गरेका थियौं । सोही क्रममा निर्देशक थापाले पठाउनु भएको स्क्रीप्टले हामीलाई आकर्षित गऱ्यो । उहाँले स्क्रीप्ट लिएर काम गर्नुस् भन्नुभएको थियो तर हामीले नै निर्देशन गर्न आग्रह गऱ्यौ ।'

निर्माता बानियाँले फिल्म घोषणासँगै रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट) ले तयार पारेको 'मिनिमल पोस्टर' पनि सार्वजनिक गरेका छन् । जहाँ कलाकारको अनुहार नराखी पात्रको परिचय दिईएको छ । 'लालीबजार' का लागि तयार गरिएको कन्सेप्चुअल मिनिमल पोस्टरमा शीर्षकको अक्षर विन्यासमा एक प्रकारको खस्रोपन र विशेष बनावट देखिन्छ, जहाँ रातो थोप्लालाई टिकुलीको रूपमा प्रस्तुत गरिएको छ । यसले शीर्षकमा नै कुनै द्वन्द्व वा कथा लुकेको सङ्केत गर्दछ ।

एक पुरानो परम्परागत चुरालाई फूलको बुट्टासहित गोलो आकारमा स्केच गरिएको छ । यो गोलाकार चुराभित्र, एउटा चम्किलो रातो लिपस्टिक ठाडो अवस्थामा रहेको छ भने एउटा गोली तेर्सो परेर लडिरहेको देखिन्छ । भीमसेनका अनुसार, यी तत्वहरूको संयोजनले गहिरो लुकेको अर्थ बोकेको छ र चुराको गोलाबाट बाहिरतिर उडिरहेका चराहरूले आशा र स्वतन्त्रताको अनुभूति दिलाउँछन् ।




'लालीबजार' का लागि कलाकार छनोट प्रक्रियामा रहेको निर्माता बानियाँले जानकारी दिएका छन् । उनले आगामी दसैं लगत्तै चलचित्रको छायाङ्कन गरिने जानकारी दिए । षट्कोण आट्र्सले एकल निर्माता भएर निर्माण गरिरहेको 'लालीबजार' पाँचौं फिल्मसमेत हो । यसबाहेक 'टल्कजङ्ग भर्सेस टुल्के', 'डाकिनी', 'सुपर मङ्' लगायतका फिल्ममा अन्य ब्यानरसँग सहकार्य गरेको छ ।



**साफ यू-१९ च्याम्पियनसिप**

# सेमिफाइनलबाटै बाहिरियो नेपाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल साफ यू-१९ च्याम्पियनसिप फुटबलको सेमिफाइनलबाटै बाहिरिएको छ । साविक विजेता बंगलादेशसँग नेपाल २-१ ले पराजित हुँदै बाहिरिएको हो । पहिलो हाफ गोलरहित बराबरीमा सकिए पनि नेपालले दोस्रो हाफमा दुई गोल बेहोरेको हो ।

युपियास्थित गोल्डेन जुब्ली स्टेडियममा भएको खेलमा बंगलादेशका लागि असिकुर रहमान र मोहम्म जोए अहमदले गोल गरे । नेपालका लागि सुजन डंगोलले एक गोल फर्काए ।

असिकुर रहमानले ७३औं मिनेटमा गोल गर्दै बंगलादेशलाई अग्रता दिलाएका थिए । मोहम्मद जोए अहमदले ८१औं मिनेटमा गोल गर्दै बंगलादेशको अग्रता दोब्बर पारे ।

८७औं मिनेटमा सुजन डंगोलले गोल गर्दै नेपाललाई खेलमा फर्काउने प्रयास गरेका थिए । तर त्यसपछि गोल थप्न नसक्दा नेपाल सेमिफाइनलबाटै बाहिरियो ।

उपाधि जित्ने लक्ष्यसहित भारत पुगेपनि नेपालले यस पटक फाइनलमा समेत स्थान बनाउन सकेन ।

गत वर्ष घरेलु मैदानमा भएको साफ यू-२० च्याम्पियनसिपको फाइनलमा नेपाल बंगलादेशसँगै पराजित हुँदा उपविजेता बनेको थियो । बंगलादेशले अब उपाधिका लागि आजै हुने भारत खर माल्दिभ्सबीचको विजेतासँग फाइनल खेल्नेछ ।

# यू–१६ बैतडी छनोट: एनसिसीलाई उपाधि

■ प्रभाव संवाददाता

**बैतडी–** एनसिसी मेन्स यू-१६ इस्ट जोन कपअन्तर्गत जिल्ला छनोटको उपाधि निंगलाशैनी क्रिकेट क्लब (एनसिसी) ले हात पारेको छ । बैतडीमा शुक्रबार सम्पन्न अन्तिम प्रतिस्पर्धामा पाटन भ्याली क्रिकेट क्लबलाई ३१ रनले पराजित गर्दै एनसिसी च्याम्पियन बनेको हो ।

एनसिसीले दिएको ९५ रनको लक्ष्य पछ्याएको भ्याली १२ दशमलव पाँच ओभरमा ६३ रनमा समेटियो । भ्यालीका अमन विष्टले २४ रनको योगदान दिए भने अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

एनसिसीका रोशन बोहरा र शिरिष बोहराले तीन/तीन र नविनसिंह भाटले दुई विकेट लिए । यसअघि दशरथचन्द क्रिकेट रंगशाला सुन्दरखालीमा पहिला ब्याटिङ गरेको एनसिसीले निर्धारित १५ ओभरमा पाँच विकेटको क्षतिमा ९४ रन बनाएको थियो । एनसिसीका कृष्ण बोहराले अविजित ४७ रन जोड्दा, विक्रम बोहराले १९ रन हिर्काए ।

बलिङतर्फ भ्यालीका तेजकिरण विष्टले तीन विकेट झारे । एनसिसीका रोशन बोहरा प्लेयर अफ द फाइनल चुनिएका आयोजकले जनाएको छ । विजेता र उपविजेता टोलीलाई सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका उपाध्यक्ष रमेशबहादुर बोहरा, बैतडी जिल्ला क्रिकेट संघका अध्यक्ष विनोदबहादुर चन्द, सचिव सिद्धराज बोकटीलगायतले पुरस्कार वितरण गरेका छन् । बैतडी जिल्ला क्रिकेट संघको आयोजनामा गत वैशाख २६ गतेदेखि सुरु भएको प्रतियोगितामा जिल्लाका सात टिमको सहभागिता थियो । छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई जिल्लाको टोलीमा समावेश गरिनेछ । एसियन क्रिकेट काउन्सिलको कार्यक्रमअनुसार नेपाल क्रिकेट संघले एनसिसी मेन्स यू-१६ इस्ट जोन कप-२०२५ को छनोटका लागि यही जेठमा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्दैछ ।

**आइसिसी महिला टी-२०**

# नेपाल सुपर–३ मा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आइसिसी महिला ट्वान्टी-२० विश्वकप एसिया छनोटको सुपर-३ मा प्रवेश गरेको छ । हङकङ र बहराइनबीचको खेल वर्षाका कारण रद्द भएपछि नेपाल सुपर-३ मा प्रवेश गरेको हो ।

समूह 'सी' मा हङकङसँग समान पाँच अंक भए पनि नेपाल बढी जित निकालेका आधारमा अघि बढेको हो । आइसिसीको नियम अनुसार अनुसार डबल राउन्ड रोबिन लिग पछि शीर्ष दुई टोली टोलीबीच अंक बराबर भए सर्वाधिक जितका आधारमा टोली अगाडि रहने प्रावधान थियो ।

नेपालको चार खेलमा दुई जित, एक हार र एक नतिजाविहीन भएको थियो । हङकङको समान खेलमा एक जित र तीन नतिजाविहीन भएको थियो ।

शुक्रबार विजयी भएको अवस्थामा हङकङ नै ६ अंकसहित समूह विजेता बनेर अघि बढ्ने थियो । तर वर्षा बाधक बन्दा हङकङ बाहिरियो । प्रतियोगितामा तीन समूहका शीर्ष टोली सुपर-३ मा पुगेका हुन् ।

नेपालले सुपर-३ मा बलिया टोली युएई र थाइल्यान्डको सामना गर्नेछ । सुपर-३ मा एकअर्कासँग खेलेपश्चात शीर्ष दुई टोली ग्लोबल छनोटमा पुग्ने छन् ।

थाइल्याण्डसँग नेपाल केही महिनाअघि घरेलु मैदानमै लगातार ३ पटक पराजित भएको थियो । यूएईलाई नेपालले पछिल्लोपटक महिला एसिया कपमा हराएको थियो। त्यसअघि भने विश्वकप एसिया छनोटमै पराजित भएको थियो ।

यूएईको टोली पछिल्लो समय राम्रो लयमा देखिएको छ भने थाइल्याण्ड पनि विश्वकप खेलिसकेको टिम भएकाले नेपालका लागि दुवै टोलीसँगको खेल चुनौतीपूर्ण हुनेछन् ।

समूह चरणको अंक पनि सुपर ३ मा जोडिने भएकाले नेपाललाई कम्तीमा एक खेल जित्नैपर्ने दबाब यसै पनि रहनेछ । यूएई तुलनात्मक रूपमा थाइल्यान्ड भन्दा केही सहज प्रतिद्वन्दी हुनेछ ।



पोल्याण्डको वार्सामा जारी अन्तर्राष्ट्रिय पुस्तक मेला–२०२५ मा पुस्तक छनोट गर्दै मानिसहरू । मे १५–१८ मा यहाँ आयोजित कार्यक्रममा २० देश र क्षेत्रका ६२० भन्दा बढी प्रकाशकहरूले भाग लिएका छन् । *तस्विरः सिन्हवा*

# बेलायतमा शरण खोज्ने आप्रवासीको संख्या बढ्यो

**लण्डन–** बेलायतमा हालैका वर्षहरूमा शरण खोज्नेहरूको संख्या ह्वात्तै बढेको सरकारी तथ्यांकले देखाएको छ । आप्रवासनका लागि दिइएका दशौं हजार आवेदनहरू अझै निर्णय हुन बाँकी रहेको तथ्यांकमा उल्लेख छ ।

बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले बेलायतमा रहनका लागि सबै कानुनी मार्गहरू समाप्त भएकाहरूका लागि बेलायतबाट बाहिर 'फिर्ती केन्द्र' हरू सिर्जना गर्न सकियोस् भनी बिहीबार विभिन्न देशहरूसँग औपचारिक वार्ता सुरु गरेको घोषणा गरेका छन् ।

सन् २०२४ मा बेलायतमा शरण माग्नेको संख्या तीन गुणाले वृद्धि भएको सरकारी तथ्यांकले देखाएको छ । यो समयमा ८४ हजार २०० ले शरणार्थीका लागि आवेदन दिएका छन् । सन् २०११ देखि सन् २०२० को बीचमा औसतमा २७ हजार ५०० शरणार्थीले बेलायतमा शरणका लागि आवेदन दिएका थिए । सन् २०२२ मा बेलायतमा प्रति १० हजार व्यक्तिमा लगभग १३ जनाले शरणका लागि आवेदन दिएका थिए । इयूमा यो संख्या प्रति १० हजार २५ रहेको थियो ।

सन् २०२३ मा बेलायतमा रहेका करिब ११ प्रतिशत आप्रवासी शरणाथी वा शरणार्थी थिए, जुन सन् २०१९ को छ प्रतिशतको तुलनामा झण्डै दुई गुणा बढी हो । आवेदन अस्वीकृत दर सन् २००४ मा ८८ प्रतिशत र सन् २०२२ मा २४ प्रतिशत रहेको थियो भने सन् २०२४ मा ५३ प्रतिशत रहेको थियो ।

सन् २००४ देखि सन् २०२१ को बीचमा, शरणार्थीका लागि लगभग तीन चौथाइ आवेदकको प्रारम्भिक अनुरोध अस्वीकार गरिएको थियो । त्यसपछि उनीहरूले सरकारको निर्णयबारे पुनःआवेदन गरेका थिए भने त्यसमध्ये एकतिहाइले शरणार्थीको मान्यता पाउन सफल भएका थिए ।

सन् २०२४ मा शरणार्थीका लागि आवेदन स्वीकृत नभएका नौ हजारभन्दा बढी व्यक्तिलाई देश छोड्न निर्देशन गरिएको थियो । यो संख्या सन् २०२३ को तुलनामा ३६ प्रतिशतले बढी हो । सन् २०२४ मा करिब दुई लाख २४ हजार ७०० मुद्दामाथि सुनुवाई भएको र यसमध्ये ८७ हजार २०० प्रारम्भिक निर्णयको पर्खाइमा रहेका थिए भने एक लाख ३७ हजार ५०० आवेदन प्रारम्भिक अस्वीकारपछि थप कानुनी निरन्तरताका लागि पर्खाइमा थिए ।

यो संख्या सन् २०२२ देखि घट्दै गएको छ तर सन् २०१४ को तुलनामा चार गुणा बढी छ किनभने प्रारम्भिक निर्णयका लागि लामो समय पर्खनुपरेको छ भने ठूलो संख्यामा मानिसहरू निर्वासनको सामना गरिरहेका छन् । सन् २०१८ भन्दा पहिले अस्तित्वमा नै नभएको अस्थायी डुंगामा च्यानल पार गर्नेको संख्या हालैका वर्षहरूमा ह्वात्तै बढेको छ ।

सन् २०१८ देखि सन् २०२४ को डिसेम्बरसम्मको अवधिमा एक लाख ४८ हजार आप्रवासीले आफ्नो ज्यान जोखिममा राखेर इंलिस च्यानलको बाटो भएर बेलायतको तटीय क्षेत्रमा पुगेको सरकारी तथ्यांकले देखाएको छ । तीमध्ये ९५ प्रतिशतले शरणका लागि आवेदन दिएका थिए । यो संख्या सन् २०१८ देखि सन् २०२४ को डिसेम्बरसम्मको अवधिमा सबै शरण चाहनेमध्ये २९ प्रतिशत हो ।

सन् २०२५ मा करिब १३ हजार आप्रवासीले च्यानल पार गरिसकेका छन्, जुन सन् २०२४ को सोही अवधिको तुलनामा बढी हो । सन् २०२४ मा शरण माग्नेको सबैभन्दा ठूलो समूह पाकिस्तानबाट आएकाको रहेको थियो । अघिल्ला वर्षहरूमा मुख्यतया सिरिया र इरानबाट आएका आप्रवासी शरणार्थीको संख्या बढी हुने गरेको थियो । *रासस/एएफपी*

# प्रथम महिलाले सगरमाथा आरोहण गरेको ५० वर्ष पूरा



**पेरिस–** सन् १९७५ मे १६ मा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने जापानकी जुन्को ताबेई पहिलो महिला बनिन् । आधा शताब्दीपछि विश्वको सबैभन्दा अग्लो पर्वतमा महिलाद्वारा हजारौं आरोहण हुन लागेको छ । आठ हजार ८४९ मिटर (२९ हजार ३२ फिट) अग्लो शिखर चढ्नु मुख्यतया पुरुषहरूको उपलब्धि रहेको छ ।

हिमालयन डेटाबेसका आकडाहरूको एएफपी विश्लेषण अनुसार सन् २०२५ मे महिनासम्म महिलाहरू ९६२ पटक सगरमाथा शिखर पुगेका थिए भने पुरुषहरू ११ हजार ९५५ पटक त्यहाँ पुगेका थिए ।

## सीमित हुने छैन

सन् १९७५ मा ताबेई सगरमाथा शिखरमा पुग्दा उनीभन्दा अघि ३८ पुरुष त्यहाँ पुगिसकेका थिए । उनको सम्पूर्ण महिला टोलीसँग उनले आफ्नो अभियानका लागि प्रायोजकहरू खोज्न संघर्ष गरेकी थिइन् । प्रायः उनीहरूलाई आफ्ना बच्चाहरूको हेरचाह गर्नु नै राम्रो हुने भनिएको थियो ।

'सबै पुरुषले हाम्रो रुचिहरूलाई सीमित गर्छन् र म सीमित हुन चाहन्नँ,' ताबेईले आरोहण गरी फर्किएपछि आफ्नो नोटबुकमा लेखिन् । ११ दिनपछि एक तिब्बती महिला फान्टोग विपरीत दिशाबाट शिखरमा पुगिन् । उनले सगरमाथा आरोहण गर्ने आफू पहिलो महिला भएको विश्वास गरिन् । ओर्लिएपछि मात्र ताबेईले आफूलाई पछि पारेको थाहा पाइन् । आफ्नो नोटबुकमा ताबेईले आफ्ना अन्य लक्ष्यहरू उल्लेख गरिन्- विश्वको दोस्रो सबैभन्दा अग्लो शिखर के२ चढ्ने र वैज्ञानिक पत्रिकामा काम गर्न फर्कने ।

## केही महिला शेर्पा

त्यसयता सगरमाथामा ८५ विभिन्न राष्ट्रियताका ८७० फरक महिलाले आरोहण गरेका छन् र केहीले धेरै पटक सफलता हासिल गरेका छन् । नेपाली पर्वतारोहीहरूपछि संयुक्त राज्य अमेरिका, भारत र चीनले शिखरमा सबैभन्दा बढी पुरुषहरू पठाएका छन् र ३९ प्रतिशत महिला पठाएका छन् ।

आफ्ना ग्राहकहरूलाई सगरमाथासम्म साथ दिने नेपाली गाइडहरू अर्थात् शेर्पाहरू लगभग सबै पुरुष छन् । सगरमाथाको घर नेपालमा पुरुषहरूले गरेको आरोहणको आधा हिस्सा छ तर महिलाहरूको केवल नौ प्रतिशत मात्र ६६ फरक महिलाद्वारा ९० आरोहण भएको छ ।

सन् २०१२ मा आरोहण गरेकी दावा याङ्जुम शेर्पा हाल सन् २०१८ मा अन्तर्राष्ट्रिय डिप्लोमा प्राप्त गर्ने प्रमाणित नेपाली गाइड हुने एकमात्र महिला हुन् । 'यो एउटा चुनौतीपूर्ण क्षेत्र हो, अझ बढी यदि तपाईं एउटी छोरी हुनुहुन्छ भने । त्यहाँ केही व्यक्तिहरू थिए जसले यो छोरीको काम होइन, मैले काम पाउँदिन भनी भनेकी थिएँ,' उनले भनिन् ।

यसअघि सन् १९९३ मा पासाङल्हामु शेर्पा सगरमाथा शिखरमा पुग्ने पहिलो नेपाली महिला बनेकी थिइन् । अवतरणको समयमा उनी उचाइ रोगबाट पीडित एक सहकर्मीसँग बसेकी थिइन् । दुवैको थकानका कारण मृत्यु भयो । उनी राष्ट्रिय नायिका बनिन् र सगरमाथाको आधार शिविरबाट आज पदयात्रा गर्दा उनलाई श्रद्धाञ्जलि अर्पण गर्ने स्मारकबाट सुरु हुन्छ ।

सन् २००० मा शिखरमा पुग्ने दोस्रो महिला एवं पासाङल्हामुकी उत्तराधिकारी लाक्पा शेर्पाले त्यसपछि आरोहणको संख्याका लागि महिला रेकर्ड दाबी गरेकी छन् र उनले मे महिनासम्म १० पटक आरोहण गरिसकेकी छन् ।

## अक्सिजनविना

जुन्को ताबेईको १३ वर्षपछि न्युजिल्याण्डकी लिडिया ब्राडी सन् १९८८ मा अक्सिजनको बोतलविना शिखरमा पुग्ने पहिलो महिला बनिन् । अक्सिजनको बोतल श्वासप्रश्वासको सहायता हो र यसले उचाइको प्रभावलाई क्षतिपूर्ति दिन्छ ।

जसै उनले एक्लै आरोहण गरिन्, उनको अभियानका अन्य सदस्यहरू नेपालको राजधानी काठमाडौं फर्के । त्यहाँ उनीहरूले सार्वजनिकरूपमा उनको सफलतामा शंका व्यक्त गरे । आफ्नो अनुमतिले अनुमति दिएकोभन्दा अर्को मार्ग लिएका कारण निकालिनुको सामना गर्दै ब्राडीले नेपाली पर्यटन मन्त्रालयमा आफ्नो उपलब्धि दाबी नगर्ने निर्णय गरिन् तर यसलाई वर्षौंपछि मान्यता दिइयो ।

महिला र पुरुषलाई सँगै लिइँदा केवल २२९ आरोहण अर्थात् एक प्रतिशतभन्दा कम अक्सिजनविना सफल भएका छन् । ब्राडी र अन्य केवल नौ महिला यो सूचीमा छन् ।

## महिलाहरू राम्रोसँग तयार

'यो पूरक अक्सिजनसँग चढ्नुभन्दा फरक खेल हो । सायद महिलाहरू त्यसको बारेमा अलिकति बढी जागरुक छन्,' जर्मनीकी बिल्ली बिर्लिङले भनिन् । बिर्लिङ हिमालयन डेटाबेसकी निर्देशक हुन् र उनले सगरमाथा शिखरसम्मको अभियानहरू ट्र्याक गर्छिन् ।

'महिलाहरू प्रायः राम्रोसँग तयार हुन्छन् र जब पर्वतमा जोखिम लिने कुरा आउँछ, तिनीहरू सायद अलि बढी रूढीवादी हुन्छन् । त्यसैले सायद एउटी महिला एक्लैले भन्छिन्, 'तपाईंलाई थाहा छ, यो धेरै खतरनाक छ, म तल जान्छु, जबकि एक पुरुष पर्वतारोही अझै पनि जान्छ,' सन् २००९ मा सगरमाथा आरोहण गरेकी बिर्लिङले भनिन् ।

त्यसैले हरेक वर्ष प्रयास गर्ने १०० महिलामध्ये केवल ६६ प्रतिशतमात्र सफल हुन्छन् । पुरुषहरूको ७५ प्रतिशतको तुलनामा उनीहरूको मृत्युदर कम हुन्छ । सगरमाथाको भिरालोमा प्रत्येक १५३ प्रयासमा एक महिलाको मृत्यु हुन्छ भने प्रत्येक ७० प्रयासमा एक पुरुषको मृत्यु हुन्छ । सगरमाथाको शिखरमा महिलाहरू अझै पनि अल्पसंख्यकमा छन् । त्यहाँ पुग्ने महिलाहरूको अनुपात बढ्दै गइरहेको छ । तिनीहरू सन् २००० को दशकमा १६ पुरुष बराबर एक थिए भने दुई दशकपछि १० मा एक भएका छन् ।


'अहिले मेरा धेरैजना साथी छन् जो अविवाहित छन् र सन्तानविहीन छन् र उनीहरूले बढी पैसा कमाउँछन्, त्यसैले तिनीहरू बाहिर गएर आठ हजारभन्दा माथिका शिखरहरूमा जान सक्छन्,' बिर्लिङले भनिन् । आरोहणको लागत ४५ हजार डलरदेखि दुई लाख डलरसम्म हुन्छ । *रासस/एएफपी*

# टेक्सास राज्य संसद्ले पारित गऱ्यो 'बुद्ध ड' मनाउने प्रस्ताव

■ शंकर थापा

**टेक्सास (अमेरिका)–** अमेरिकाको टेक्सास राज्यको संसद्को बिहीबार सम्पन्न बैठकले गौतम बुद्धको जन्मभूमि नेपाल भएको भन्दै हरेक वर्षको १५ मेलाई 'बुद्ध डे' का रूपमा मनाउन संकल्प प्रस्ताव पारित गरेको हो । राज्यसभाको बैठकमा सभामुख डस्टिन बुरोले पेस गरेको १५ मे लाई 'बुद्ध डे'का रूपमा मनाउनेसम्बन्धी प्रस्ताव सर्वसम्मते पारित भएको हो ।

टेक्सासका विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने राज्य सांसद(हाउस अफ रिप्रजेन्टेटिभ) डा. सुलेमान ललानी, टेरी मेजा, सलमान भोजानी लगायतले 'बुद्ध डे'सम्बन्धी संकल्प प्रस्ताव तयार गरी संसद्मा दर्ता गराएका थिए । उक्त अवसरमा नेपाली सांस्कृतिक तथा अध्यात्मिक केन्द्र टेक्सास, नेपाली समाज टेक्सास, ग्रेटर अस्टिन नेपाली समाज, बुद्धिस्ट एसोसिएसन अफ टेक्सास, तामाङ सोसाइटी अफ टेक्सासलगायत दर्जनभन्दा



बढी संस्था, नेपाल, भियतनाम, कोलम्बिया, म्यानमारलगायत विभिन्न देशका ६० भन्दा बढी बौद्ध भिक्षुहरूको उपस्थिति थियो ।

टेक्सास राज्यको संसद् नेपालमैत्री बन्दै गएको भन्दै यहाँका नेपाली समुदायले खुसी व्यक्त गरेका छन् । टेक्सासको राज्य संसद्मा हालसम्म नेपाली मूलका सांसदहरूको प्रतिनिधित्व छैन । नेपालसम्बन्धी प्रस्तावमा राज्य सांसदहरूले उच्च महत्त्व दिँदै आएको नेपाली समाज टेक्सासका अध्यक्ष राजेन्द्र वाग्लेले बताए ।

टेक्सास नेपाली समुदायको बाक्लो बसोबास भएको राज्य हो । टेक्सासमा नेपाल र नेपालीको पहिचान स्थापित गराउनका लागि यहाँका नेपाली समुदायका व्यक्तिले लामो समयदेखि पैरवी गर्दै आएका थिए । हालसम्म टेक्सासको राज्य संसद्बाट नेपाल डे, लुम्बिनी डेसम्बन्धी संकल्प प्रस्ताव पारित भइसकेका छन् । बुद्ध डे मनाउनेसम्बन्धी संकल्प प्रस्ताव तेस्रो हो ।

बुद्ध डे मनाउनेसम्बन्धी प्रस्ताव नेपाल र नेपालीहरूको पहिचानका पक्षमा भएको थप सफलता भएको ग्रेटर अस्टिन नेपाल समाजका अध्यक्ष विदुर खतिवडाले बताए । अध्यक्ष खतिवडाका अनुसार टेक्सासको राज्यसभाले गौतम बुद्धको जन्मभूमि नेपालको लुम्बिनी भएको स्वीकार गरी संकल्प प्रस्ताव पारित गरेकाले हरेक वर्षको १५ मे लाई बुद्ध डेका रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइने छ । *रासस*


**साउदीमा रोजगार** कम्पनी : Swaid Bin Samhan Al Dossary Establishment For Equipment & Transportation Rent

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | LT. 322734 | चलानी नं. ६०२३७८८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 2 | 0 | 2500 | ९१,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : JAWA HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०२ | LT. No. 311220 | चलानी नं. ६०२२६४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 34 | 0 | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १० गते (24th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**युएईमा रोजगार** कम्पनी : Soor Al Reem Technical Services

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | LT. No. 323810 | चलानी नं. ६०२३७८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 10 | 0 | 900 | ३३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helpers/general Labour | 10 | 0 | 800 | २९,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ९ गते (24th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Govt. License No. 1642/080/081
CONNECT GLOBAL HR SOLUTIONS PVT. LTD.
Mithila Marg - 04, Sukedhara, Kathmandu, Nepal, Tel: +977-1-5906362
Email: contact@connectglobalhr.com, Web: https://www.connectglobalhr.com/



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८४८०० | प्रति तोला – ० | प्रति तोला – १९४५ |



**पर्यटकीय कमलताल** रुकुम पूर्वको जिल्ला सदरमुकाम रुकुमकोटस्थित कमल ताल र रुकुमकोट आसपासको क्षेत्र । रुकुमपूर्वको अस्थायी जिल्ला सदरमुकाम रुकुमकोट तोकिए पनि स्थायी रूपमा सदरमुकाम नतोक्दा यहाँ विभिन्न कार्यालयका भौतिक संरचना निर्माण हुन सकेका छैनन् । *तस्बिर: बलबहादुर ओली/रासस*

# 'विनियोजन विधेयक आत्मनिर्भर र दिगो विकासमा केन्द्रित'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता मुलुकको वर्तमान आर्थिक अवस्था र स्रोत व्यवस्थापनको क्षमताका आधारमा तय गरिएको स्पष्ट पारेका छन् ।

आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलमा सांसदहरूले उठाएको जिज्ञासाको जवाफमा उनले यर्थाथलाई आत्मसात गरेर सरकार अगाडि बढ्न लागेको बताए ।

अर्थमन्त्री पौडेलले लोकतान्त्रिक मूल्यमा आधारित समाजवाद र समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय आकांक्षालाई सम्बोधन गर्ने गरी बजेटको दिशा तय गरिने स्पष्ट पारे ।

उनले न्यायपूर्ण पहुँचसहित उत्पादन वृद्धिलाई प्राथमिकता दिइएको उल्लेख गर्दै गरिबी न्यूनीकरणमा केन्द्रित योजनाहरू प्रस्तुत गरिने बताए । 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयमा आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि विशेष दृष्टिकोणसहित अगाडि बढ्न आवश्यक छ,' उनले भने ।

अर्थमन्त्री पौडेलले आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि निजी क्षेत्रको मनोबल वृद्धि गर्ने, आत्मविश्वास बढाउँदै लैजाने, रोजगारी सृजना गर्ने तथा उत्पादनशीलता र प्रतिस्पर्धी क्षमता बढाउनुपर्ने अपरिहार्य रहेको उल्लेख गरे । आगामी बजेटले दिगो र तीव्र गतिको आर्थिक विकासलाई केन्द्रमा राखेको र त्यसकै आधारमा संविधानमा उल्लिखित मौलिक हकहरू पूर्ण कार्यान्वयन हुने सुनिश्चितता गरिने बताए ।

उनले तीन तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्यलाई विशेष ध्यान दिइएको उल्लेख गर्दै बजेट अनुशासन र सार्वजनिक वित्त सन्तुलनलाई पनि केन्द्रमा राखिएको जानकारी दिए । नागरिकले सरल र प्रविधिमैत्री सेवा प्राप्त गर्न सकून् भन्ने लक्ष्यसहित प्रविधिको पहुँच विस्तार, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिइएको उनको कथन छ ।

बेरोजगारी अन्त्य, गरिबीको रेखामुनि रहेका वर्गको स्तरोन्नति र स्वरोजगार प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रमहरू ल्याइने जानकारी दिँदै उनले कानुनी सुधारमार्फत लगानी विस्तार, उत्पादन अभिवृद्धि र राष्ट्रिय आयमा वृद्धि गर्ने नीति लिइएको स्पष्ट पारे । कृषि क्षेत्रमा अपेक्षित प्रगति हासिल गर्न यान्त्रिकीकरणलाई जोड दिइएको र कृषिमा स्वतन्त्र ढंगले युवालाई संलग्न हुन सक्ने वातावरण बनाइने विश्वास दिलाए ।

मुलुकको पर्यटन क्षेत्रको सम्भावनालाई पूर्णरूपमा सदुपयोग गर्ने लक्ष्यका साथ सरकारले आवश्यक पहलकदमी लिने उनको भनाइ छ । यस्तै, औद्योगिक विकास, नयाँ प्रविधिको प्रयोग गर्दै डिजिटल अर्थतन्त्रको विस्तारमा जोड दिइएको अर्थमन्त्रीले उल्लेख गरे ।

उनले पूर्वाधार निर्माणलाई तीव्रता दिन वैकल्पिक विकास वित्तसम्बन्धी विधेयक तयार गरिएको र सो विधेयकमार्फत अन्तर्राष्ट्रिय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने लक्ष्य राखिएको जानकारी दिए । उनले संसद्लाई उक्त विधेयक छिटो अघि बढाइदिन आग्रह गरे । अर्थमन्त्री पौडेलले लोकप्रियतावादबाट बच्न सांसदहरूले दिएको सुझावलाई आत्मसात गरिने बताए ।

फरक एक प्रसंगमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री पौडेलले आसेपासे पूँजीवादलाई सरकारले नचिन्ने स्पष्ट पारे । सरकारले पूँजीगत खर्चमा वृद्धि गर्न आवश्यक पहल गर्ने, योजनाहरू समयमै सम्पन्न गर्ने र वातावरण निर्माण गर्ने उनले विश्वास दिलाए । अर्थमन्त्रीले बजेटमा सन्तुलन र अनुशासनलाई ध्यान दिइने एवं कार्यान्वयनमा समेत उत्तिकै ख्याल गरिनेछ भने ।

प्रि-बजेट छलफलका क्रममा संसद्मा उठेका विषय र सांसदहरूले राखेका चासो यही जेठ १५ गते प्रस्तुत हुने बजेटमा व्यक्त हुने अर्थमन्त्री पौडेलको प्रस्टोक्ति छ ।

# 'पर्यटन क्षेत्रलाई चलायमान बनाउन राष्ट्रिय ध्वजावाहक सबल हुनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको कूल गार्हस्थ उत्पादनको प्रमुख आधार रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन राष्ट्रिय ध्वजावाहक अपरिहार्य रहेको बताए । नेपाल वायुसेवा निगमको अन्तरराष्ट्रिय स्टेशनहरूको दुईदिने समीक्षा बैठकमा उनले राष्ट्रिय ध्वजावाहकलाई सवल तथा सक्षम बनाउन थप जहाज प्राप्ति र व्यवस्थापकीय सुधार सँगसँगै लैजानुपर्ने धारणा राखे ।

पर्यटनमन्त्री पाण्डेले आपतविपद्का समयमा नेपालको हवाई भाडामा हुने अस्वाभाविक कार्टेलिङ रोक्न निगमको हस्तक्षेपकारी उपस्थिति अत्यावश्यक रहेको र सो प्रयोजनका निमित्त पनि आन्तरिक तथा अन्तरराष्ट्रिय क्षेत्रमा उडान गर्न



निगमलाई थप जहाज आवश्यक पर्ने बताउँदै सोका लागि मन्त्रालयस्तरबाट सकारात्मक सहयोग हुने धारणा राखे ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमको अन्तरराष्ट्रिय स्टेशनहरूमा खटिएर जाने कर्मचारीहरू निगमको मात्र नभई समग्र देशको समेत प्रतिनिधित्व गर्ने भएकाले इमान्दारितापूर्वक निगम र राष्ट्रको अधिकतम हित हुनेगरी कार्य गर्न आग्रह गरे । उनले निगममा थप जहाज प्राप्तिका लागि जहाज लिज प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । सातवटै प्रदेश सरकारको सहकार्यमा दुर्गम क्षेत्रमा उडान गर्ने जहाज खरिदका निमित्त पहल भइरहेको तथा गण्डकी प्रदेश सरकारसँग संयुक्त कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाउने सहमति भएको पनि जानकारी दिए ।

निगम बजार व्यवस्थापन विभागद्वारा निगमको केन्द्रीय कार्यालयमा आयोजित गोष्ठीमा पर्यटन मन्त्रालयका प्रतिनिधि, निगमको सबै विभागीय र महाशाखा प्रमुख तथा आठ मुलुकबाट दश कन्ट्री म्यानेजर/म्यानेजरलगायतको उपस्थिति थियो ।

# 'उद्योगी र व्यापारी सरकारको उच्च प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**मोरङ–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्यमी एवं व्यापारीहरू सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् । मोरङ उद्योग व्यापार संघको ६८औं वार्षिकोत्सवको शुक्रबार उद्घाटन गर्दै उनले विभिन्न उद्योग व्यापार संघ संगठनसँग छलफल गरी सरकारले एकीकृत व्यापार रणनीति तयार गरेकाले त्यसले उद्यमी व्यापारीहरूको समस्या सम्बोधन गर्ने विश्वास व्यक्त गरे ।

मन्त्री भण्डारीले सरकारले शासकीय प्रणालीभित्रका विभिन्न जटिलता हटाउन संसद् प्रतिस्थापन विधेयकका रूपमा पास गरी मुलुकको पुँजी बजारलाई चलायमान बनाउन र उद्यमीहरूमा रहेको निराशा हटाउने धारणा व्यक्त गरे । उनले खनिजजन्य पदार्थको निर्यात खोजी अर्बौं राजस्व वृद्धि गर्न आगामी वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्ने जानकारी दिए । मन्त्री भण्डारीले स्वदेशी उद्योगद्वारा उत्पादित वस्तु प्रयोग, प्रोत्साहन गर्न सरकारले सार्वजनिक खरिद नियममा परिवर्तन गर्ने जानकारी दिए ।

भारतको हल्दिया र कोलकाताबाट सबै प्रकारका सामग्री विराटनगरमा रेल्वेमार्फत ढुवानी हुनेगरी भारत सरकारकातर्फबाट सहमति प्राप्त भएको जानकारी दिए ।

कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेश सरकारले आद्योगिक एवं व्यापारमा रहेका झन्झटिलो नीतिलाई हटाइ सहज वातावरण बनाएको बताए ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले प्रदेशमा एकद्वार नीतिमार्फत उद्योग स्थापना व्यवस्थाको सुरुआत भइरहेको जानकारी दिए । पूर्वमुख्यमन्त्री उद्धव थापाले मुलुकको अर्थतन्त्र बलियो बनाउन निजी क्षेत्रलाई साथ लिएर हिँड्नुपर्ने सुझाव दिए ।

अन्य उद्योगी व्यवसायीहरूले मोरङ सुनसरी औद्योगिक क्षेत्रमा विद्युत निरन्तर उपलब्ध गराउन तथा सुनसरीको बर्जु गाउँपालिकास्थित अमडुवामा औद्योगिक ग्राम स्थापनाका लागि आग्रह गरे ।

# जापानले थप ५७ करोड ३० लाख येन अनुदान दिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'धुलिखेल अस्पताल ट्रमा एण्ड इमर्जेन्सी सेन्टर (आन्तरिक अनुदान) को सुधार परियोजना' का लागि जापान सरकारले थप ५७ करोड ३० लाख येन अनुदान दिने भएको छ । अर्थ मन्त्रालयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र जापानका संसदीय उपविदेशमन्त्री इकुइना अकिकोबीच शुक्रबार उक्त अनुदान सहायता सम्झौतामा हस्ताक्षर गरिएको हो ।

थप अनुदानका लागि अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र नेपालका लागि जापानका राजदूत मैदा तोरु रेले हस्ताक्षर गरी सम्झौतापत्र आदानप्रदान गरे । अर्थ मन्त्रालयका अन्तरराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख धनिराम शर्मा र नेपालस्थित जाइकाका प्रतिनिधिबीच पनि सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

नेपाल सरकारको तर्फबाट अर्थमन्त्री पौडेल र जापान सरकारको तर्फबाट सगरमाथा संवाद कार्यक्रममा सहभागी हुन आएका संसदीय उपविदेशमन्त्रीको उपस्थितिमा सम्झौतामा हस्ताक्षर भएको अर्थ मन्त्रालयले जनाएको छ ।




अर्थमन्त्री पौडेलले नेपाल-जापानबीच स्वार्थरहित सम्बन्ध रहेको बताउँदै जापान नेपालको अत्यन्तै घनिष्ट मित्रराष्ट्र रहेको उल्लेख गरे । उनले भने, 'नेपालको विकासमा जापानबाट महत्वपूर्ण सहयोग प्राप्त गर्दै आएका छौं, आगामी दिनमा जापानको सहयोग अझ फराकिलो हुनेछ भन्ने विश्वाससहित सहयोग र सहकार्यको अपेक्षा गर्दछौं ।'

उपप्रधानमन्त्री पौडेलले सगरमाथा संवादको क्रममा नेपाल भ्रमणमा आएका जापानी उपविदेशमन्त्रीलाई धन्यवाद दिँदै गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणका लागि निमन्त्रणा दिए । उनले भने, 'मन्त्रीलाई यो पटक गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणका लागि निवेदन गर्दछु । यो पटक सम्भव नभए अर्को पटक भए पनि लुम्बिनी पुग्नुहोस् भनेर निम्ता गर्न चाहन्छु ।'

अर्थमन्त्री पौडेलले जापालले नेपाललाई विविध क्षेत्रमा सहयोग उपलब्ध गराइरहेको स्मरण गर्दै धुलिखेल अस्पतालका लागि महत्वपूर्ण सहयोगका लागि नेपाल सरकारको तर्फबाट जापान सरकारलाई धन्यवाद ज्ञापन गरे ।

आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट रु तीन अर्ब दुई सय ९६ करोड येनसम्मको अनुदान सहयोगमा सन् २०२३ मा हस्ताक्षर भइसके पनि मूल्यवृद्धि र अन्य कारणले आर्थिक अभाव भएपछि अहिले थप ५७ करोड ३० लाख येन थप अनुदान उपलब्ध गराइएको नेपालस्थित जापानी दूतावासले जनाएको छ ।

आर्थिक विकास, सडक सञ्जाल विस्तार, यातायातका साधनको बढ्दो प्रयोगलगायत कारण ट्रमाका बिरामीको संख्यामा वृद्धि हुनुका साथै स्ट्रोक, मुटुजस्ता नसर्ने रोगका बिरामीको संख्या पछिल्लो समय वृद्धि हुँदै जाँदा बिरामीको चाप बढेकाले नेपालका स्वास्थ्यसंस्थामा शैय्या र चिकित्सा उपकरणको अभाव भएको भन्दै उक्त सहायता दिइएको जनाइएको छ ।

यस सहायताले देशको सबैभन्दा ठूलो चिकित्सा सुविधा र बृहत क्षेत्रको चिकित्सा सेवाको हबका रूपमा रहेको धुलिखेल अस्पतालमा ट्रमा र आपत्कालीन केन्द्र र सम्बन्धित उपकरण निर्माण गरी नेपालको चिकित्सा सेवालाई सुदृढ पार्ने, स्वास्थ्य तथा चिकित्सा सेवाको गुणस्तरमा सुधार ल्याउने र आर्थिक वृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले सहयोग उपलब्ध गराइएको नेपालस्थित जापानी दूतावासले जनाएको छ ।

# सार्वजनिक जग्गामा स्याउखेती

**मुस्ताङ–** मुस्ताङमा सार्वजनिक जग्गामा स्याउखेती गर्न थालिएको छ । कृषिक्षेत्रको प्रवर्द्धन र विकास, स्थानीयको जीविकोपार्जनमा सुधार तथा वातावरणीय दृष्टिकोणबाट स्याउखेती विस्तार समय सान्दर्भिक रहे पनि सरकारी निकायको समन्वयबिनै सार्वजनिक जग्गा र नदी किनारमा स्याउखेती गर्ने क्रम बढेको छ ।

जिल्लाका पाँचवटै स्थानीय तहमा समुदाय मिलेर सार्वजनिक जग्गामा स्याउ खेती गर्ने क्रम बढेको हो । समुदायस्तरमै सामूहिक स्याउखेती गरिएको भए पनि सरकारले त्यसबापत पाउने राजस्व, सरकारी अभिलेख र विपद् जोखिम न्यूनीकरणमा भने समस्या र चुनौती देखिएको छ । घरपझोङ गाउँपालिकाले बिहीबार आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा सार्वजनिक जग्गा अतिक्रमण भइरहेकोप्रति स्थानीयले आलोचना गरे । सार्वजनिक जग्गाको संरक्षण र विकासमा स्थानीय तह सञ्चालन ऐन, २०७४ ले सम्बन्धित स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरे पनि स्थानीय तह र जनप्रतिनिधिले सार्वजनिक जग्गाको रक्षा गर्न नसकेको उनीहरूको गुनासो थियो ।

घरपझोङ-२ मार्फाको राजखोला, घरपझोङ-३ स्याङ खोला र घरपझोङ-५ ढुम्बा खोलामा खोलाको धार खुम्च्याएर समुदायस्तरबाटै जग्गा अतिक्रमण भइरहेको नागरिक सुनुवाइ कार्यक्रममा सरोकारवालाले बताए । खोला बग्ने धारलाई खुम्च्याएर सार्वजनिक जग्गा अतिक्रमण गरी स्याउखेती र घरटहरा निर्माण गर्दा यसले विपद्को जोखिम निम्त्याएको उहाँहरूको भनाइ थियो ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको तापमान वृद्धि भइरहेको र यसले हिमाल पग्लिने, हिमताल फुट्ने र भेलबाढी आउन सक्ने सम्भावना भएकाले नदी तथा खोला क्षेत्रमा अतिक्रमणका कारण मानवीय र भौतिक जोखिम निम्त्याएको छ । विसं २०८० साउन २८ गते कागबेनीमा आएको बाढीले त्यस क्षेत्रमा क्षति पुगेको थियो । कागबेनीमा मुक्तिनाथबाट बग्ने कागखोलाको धार अतिक्रमणमा पर्दा त्यहाँ प्राकृतिक विपद्को सामना गर्नुपरेको स्थानीयको गुनासो छ । घरपझोङस्थित मार्फा स्याउ र ढुम्बा खोलाको धार खुम्च्याएर स्याउखेती गर्न जग्गा विस्तार गरिएको छ ।

जिल्लाका अन्य पालिकामा पनि नदी क्षेत्र दोहन गर्ने क्रम बढेको छ । जिल्लामा स्याउखेतीको अत्यधिक सम्भावना भए पनि यहाँ सार्वजनिक जग्गा नापी नहुँदा भाडामा दिने प्रक्रियामा जान कानुनी जटिलता छ । त्यसैले सार्वजनिक जग्गा अतिक्रमण गरी स्याउखेती गर्ने होडबाजी चलेको हो । प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले सार्वजनिक जग्गा अतिक्रमण रोक्ने र त्यस्ता जग्गाको संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको स्पष्ट पारे । सार्वजनिक जग्गा अतिक्रमण गरेको उजुरी आउने गरेको र त्यसउपर छानबिन र अनुसन्धान गर्ने कार्य भइरहेको उनले जानकारी दिए ।

घरपझोमा गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले सार्वजनिक स्थान र नदी क्षेत्रमा जग्गा अतिक्रमण भएको गुनासो आएको बताए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ